## कल्याणपुर नगरपालिकाको आठौं नगरसभामा नगर प्रमुख श्री राम पुकार साहज्यूद्वारा प्रस्तुत आ.व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम

### मिति २०८० साल असार १० गते

प्रमुख अथिति ज्यू,विषेश अथिति ज्यू ,उप प्रमुख ज्यू ,प्रमुख प्रशासकिय अधिकृत ज्यू ,वडा अध्यक्ष ज्यू ,कार्यपालिकाका सदस्य ज्यूहरु ,नगर सभाका सदस्य ज्युहरु ,नगर कार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुख ज्युहरु,उपस्थित सम्पुर्ण कर्मचारीहरु ,पत्रकार,सुरक्षाकर्मि तथा कल्याणपुरवासीज्यूहरु ,

नेपाल एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाबाट नेपालको संविधानको कार्यन्वयन सँगै संघीय लोकतान्त्रीक गणतान्त्रीक मुलुकको रुपमा रुपान्तरण भई स्थानीय तहको गठन सँगै यस नगरपालिका पनि अस्तित्वमा आएको छ । स्थानीय तहको दोश्रो पटकको निर्वाचन मार्फत म लगायत यस नगर कार्यपालिका तथा नगर सभाका सदस्यहरुलाई निर्वाचित गरेर नगरपालिकाको नेतृत्व गर्ने अवसर प्रदान गर्नु भएकोमा कल्याणपुर नगरपालिका, नगर सभा तथा मेरो व्यक्तिगत तर्फबाट कल्याणपुर नगरपालिकाका सम्पूर्ण मतदाता आमा बुबा दिदी बहिनी तथा दाजुभाईहरुमा हृदय देखि नै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

विकासको हिसावले धेरै पछि परेको र विकासको प्रशस्त सम्भावना रहेको नगरपालिका हो भन्ने कुरा यहाँहरु समक्ष प्रष्टयाउन चाहन्छु र यस अवसरमा नगरवासी, जनताको शिक्षा, स्वास्थ्य, कृषि, सडक, भवन, खानेपानी, सिँचाई उद्योग, समाजिक सुरक्षा, रोजगार, सुशासन लगायत विभिन्न क्षेत्रको उन्नति र विकासलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रमको घोषणाका लागि आयोजित आठौ नगरसभामा कल्याणपुर नगरपालिकाको आ.व.२०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म हर्षित भएको छु ।

सर्वप्रथम सशस्त्र सङ्घर्ष र तराई मधेश आन्दोलनका क्रमममा आफ्नो प्राण आहुती गर्ने सम्पुर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति निष्ठापूर्वक आफ्नो भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दछु । विभिन्न चरणको आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनुभएका व्यक्तिहरु प्रति हार्दिक सहानुभूति प्रकट गर्दछु । साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ तथा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलनमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदानलाई स्मरण गर्न चाहन्छु ।

कल्याणपुर नगरवासीको अमुल्य मतवाट निर्वाचित भएको हुँदा नगारीकहरुलाई नजिकबाट सेवा प्रदान गर्ने, तत्काल लाभको अनुभूति दिने, विकास निमार्णका योजना तथा कार्यक्रम संचालन गर्ने, स्थानिय नीति नियम निमार्ण गर्ने, आवश्यक संशोधन गर्ने र नियमन गर्ने लगायतका कार्यहरु गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु ।

यस नगरपालिका जनताको अपेक्षा अनुरुप, मिर्चैया-कल्याणपुर-सिरहा र चिकना-कल्याणपुर-वंगठिया सडक, पक्की नाला, स्थानिय पक्की सडक, ढल निकास, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन, सार्वजानिक शौचालयहरु, पोखरी घाट निर्माण, सडक वत्ती, सुविधा सम्पन्न अस्पताल, उच्च शिक्षा, नगर कार्यपालिकाको प्रशासकीय भवन, पशु अस्पताल, सुरक्षित खानेपानी जस्ता योजना र विद्यालयको शौक्षिक गुणस्तर सुधार, किसानहरुको लागि सुविधा, सहकारी र उद्योग क्षेत्रका कार्यक्रमहरु सम्बन्धी अझै धेरै काम गर्नुपर्ने रहेको कुरा हामिले निरन्तर महसुस गरेका छौ । यस अवस्थामा सामाजिक न्यायमा आधारित विकासका निमित्त जुट्न सवै उद्यमी, व्यवसायी, नागरिक समाज, राजनैतिक दलका प्रमुख तथा पदाधिकारीहरु, सरकारी तथा गैरसरकारी निकायहरु, स्थानीय संघसंस्थाहरु एवं नगरपालिका वासीहरुमा हार्दिक अनुरोध गर्दछु । यसका निमित्त वृहत गुरुयोजना तयार गरी व्यवस्थित र योजनावद्ध अल्पकालिन क्षेत्रगत र दीर्घकालिन योजनाहरु निर्माण गरी साझेदारीहरुको खोजी गरी विकास निर्माणको काममा अगाडि वढ्न सबैमा अपिल गर्दछु ।

नगरपालिकाको बजेट, नीति तथा कार्यक्रम तयार गर्दा राज्यका निर्देशक सिद्धान्त, नीतिहरु, राष्ट्रिय योजना आयोगको मार्गदर्शन, नेपाल सरकारको आदेश, अर्थ मन्त्रालयको मार्ग निर्देशन, नेपाल सरकारले प्रकाशनमा ल्याएको पन्ध्रौं योजना, दिगो विकासको लक्ष्य, क्षेत्रगत र आवधिक पञ्चवर्षीय योजना, यस नगरपालिकाको विगतका नगर परिषद, नगरपालिकाको विकास सम्वन्धि अवधारणाहरु कल्याणपुर नगरपालिका भित्रका वुद्धिजीवीहरु, समाजसेवीहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको अनौपचारिक सल्लाह, सुझाव आदिका आधारमा यो नीति तथा कार्यक्रमको तय गरिएको छ । यो बजेट, नीति तथा कार्यक्रमले राज्य तथा यस नगरपालिकाले लिएको उदेश्य पुरा गर्नेछ भन्ने हामीले पुरा विश्वास लिएका छौ .

अब म आर्थिक वर्ष २०८०।०८१ मा यस नगरपालिका क्षेत्रको विकासका लागि अवलम्बन गरिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व कल्याणपपुर नगरपालिकाले लिने दीर्घकालिन सोच (Vision), लक्ष्य (Goal)उद्देश्य(Objective) र अपेक्षित उपलब्धीको बारेमा छोटो भनाइ प्रस्तुत गर्दछु ।

## सोच " कृषि, शिक्षा,उद्योग र पूर्वाधार, कल्याणपुरवासीको मूल आधार"
## कल्याणपुर नगरपालिकाको लक्ष्य

वि.स. २०८४ सम्म उपलब्ध श्रोत तथा साधनहरु एवम् प्रविधीको अधिकतम सदुपयोग गरी नागरिक तथा विकास साझेदारहरुसँग सहकार्य गरेर सामाजिक न्याय, सुशासन, गरिवी निवारण एवं समावेशी विकास सहितको समावेशी समाज निर्माण गरी समृद्ध र नमुना नगरपालिकाको रुपमा रुपान्तरण गर्ने ।

कल्याणपुर नगरपालिकाको उद्धेश्य

(1) दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्ने,
(2) शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सवैको पहुँचको सुनिश्चितता गर्ने,
(3) समावेशी विकास प्रवर्द्धन सहित असमानता न्युनीकरण गरी विकासमा सवैको अपनत्व सुनिश्चित गर्ने,
(4) कृषि उत्पाकदत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गर्ने,
(5) सुशासन तथा नगरपालिका वासीहरुलाई समाजिक न्यायको प्रत्याभूति गराइने ।
(6) प्रविधी विकास तथा विस्तार गर्ने,
(7) मावन अधिकार संरक्षण, दण्डहिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्ने ।

- **विकासका प्राथमिकताका क्षेत्रहरु**

नगरपालिकामा सुशासन प्रत्याभूति मार्फत दक्ष जनशक्तिको विकास गरी आगामि चार वर्ष भित्र हामीले निर्दिष्ट गरेको दूरदृष्टिले दिशानिर्देश गरेको मार्गमा विकासका कृयाकलापहरुलाई कार्यान्वयन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न जनसहभागीतामा आधारित दिगो र द्रुत विकासको लागि निम्नानुसारको प्राथमिकतामा आधारित नीति तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दै लगिनेछ :

(1) कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण,
(2) स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षा,
(3) गुणस्तरीय तथा प्राविधिक शिक्षा,
(4) यातायात व्यवस्थापन तथा सडक सञ्जाल स्तरोन्नतीकरण,
(5) आन्तरिक राजश्व वृद्धि तथा वित्तीय सुशासन,
(6) रोजगारीको सिर्जना र गरिबी न्यूनीकरण ,
(7) सूचना, प्रविधी तथा सञ्चार ,

(8) भु-उपयोग तथा भूमि व्यवस्थापन,
(9) समावेशीकरण तथा समावेशी विकास ,
(10) उद्यमसिलताको विकास ।

**विनियोजन क्षेत्रका नीतिहरु :**

यस नगरपालिकालाई यस आ.व.मा प्राप्त हुने आन्तरिक आय, प्रदेश र संघबाट प्राप्त हुने विभिन्न किसिमका आयहरुको अनुमान अनुसार नगरपालिकाले गर्नुपर्ने विकास निर्माण तथा विभिन्न किसिमका कार्यक्रमहरुलाई विकास क्षेत्रको आधारमा तपसिल अनुसारको क्षेत्रमा तपसिल अनुसारको कार्य गर्ने नीति लिएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु :

- राजश्व संकलन :

(1) नगरपालिका भित्रका बजार, पोखरी,नदी ठेक्का, घर अभिलेखीकरण तथा नक्सा पास तथा व्यवसाय दर्ता अभियान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाई र पुरानो बाँकी बक्यौता असुल उपर गरी आय संकलन तथा वृद्धि गरिने नीति कायम गरिएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।
(2) संविधान र प्रचलिन कानून बमोजिम स्थानीय तहले संकलन गर्ने करका क्षेत्रहरुको पहिचान गरी करको दायरा वृद्धि गर्दै जाने र राजस्व/कर असुलीमा कडाईका साथ अभियान नै संचालन गरिने छ ।
(3) ठेक्का लाग्नु पर्ने पोखरी तथा हाट बजारहरु ठेक्का लगाईने छ र मर्मत सम्भार गर्नुपर्ने पोखरीहरुको मर्मत सम्भार गरि ठेक्का लगाइनेछ ।

- **सेवा प्रवाह** :

(1) सार्वजनिक सुनवाई, सार्वजनिक परिक्षण कार्यलाई प्रभावकारिताका साथ संचालन गरि नगरपालिकाको सेवाहरुलाई चुस्त दुरुस्त बनाई एकद्वार प्रणलीमा आबद्ध गरिनेछ र समग्र प्रशासनलाई चुस्त, दुरुस्त र प्रविधि मैत्री बनाईनेछ ।
(2) प्रवाह गरिने सेवाको प्रभावकारिता मापन गरि समसामयिक सुधार गर्नका लागि निरन्तर अनुगमन मुल्याकन गरिनेछ ।
(3) सवै वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्रहरु तथा नगरपालिकालाई सूचना मैत्री बनाइ विद्युतिय नेटर्वकमा नेटवर्किङ्ग गरिनेछ । आन्तरिक नेटवोर्किङ्ग र वेब पेज व्यवस्थापन

जस्ता कार्यलाइ चुस्त दुरुस्त बनाइनेछ र नगरका गतिविधिहरुको सूचना नगरपालिकाको वेब पेज, सामाजिक सञ्जाल तथा स्थानिय संचार माध्यमबाट प्रचार प्रसार गरिनेछ ।

(4) उपभोक्ता समिति, निर्माण व्यवसाय, विषयगत शाखा कर्मचारी र अन्य साझेदार निकायको भुक्तानी प्रकृयालाई शिघ्र एवं सरल बनाउन र योजना फरफारक गर्न सार्वजानिक खरिद ऐन, नियम र कार्यविधिको प्रावधानको बारेमा तालिम तथा अनुशिक्षण कायक्रम सञ्चालन गरिनेछ ।

(5) विधिसम्मत संस्था दर्ता प्राप्त उपभोक्ता समितिबाट निर्माण कार्य गराउने नीति जारी गरिनेछ । उपभोक्ता समिति मार्फत सानातिना मर्मत सम्भार तथा श्रममूलक कार्यका लागि कार्यविधि बनाएर  संचालन गरिनेछ ।

- कृषि तथा पशु :

(1) कृषि उत्पादनमा व्यवसायिकरण, आधुनिकिकरण, यान्त्रिकिकरण तथा बजारीकरणमा विशेष जोड दिदै खेती प्रणाली, पशुपालन विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्बन गरिने छ ।

(2) संघीय सरकारबाट शुरु गरिएको किसान सुचीकरणको अभियानलाई थप वडामा सञ्चालन गरिने छ । गैर सरकारी संस्थाहरुको साझेदारीमा कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

(3) कृषकहरुलाई कृषि तथा पशुपालन सम्बन्धी सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

(4) कृषकहरुको सुविधाको लागि कृषि सडक निमार्ण कार्यलाई निरन्तरता दिइनेछ ।

(5) तरकारी, धान, गहुँ खेतीका लागि सुलभ दरमा बिउविजनमा अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

(6) पशु स्वास्थ्यका लागि पर्याप्त औषधीको व्यवस्था गरिनेछ

(7) सिचाई सुविधा पुग्न नसकेका कृषियुक्त जग्गा,सिंचाईको लागि वोडिङ्ग जडान तथा विद्युतिकरण मोटर उपलब्ध गराउने कार्यक्रम कृषक समुह गठन गरी सञ्चालन गरिनेछ र कृषि उत्पादन अभिवृद्धिका लागि कृषि वेडिङ्ग जडान योजना सञ्चालनलाई प्राथमिकता दिईनेछ ।

- सहकारी ,उद्योग र रोजगार :

(1) सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउने कार्यमा जोड दिइनेछ ।

(2) सहकारी संस्थाहरुको प्रवर्द्धनको लागि नियमित अनुगमन कार्यलाई प्रभाकारी बनाइनेछ ।

(3) सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानी मैत्री वातावरण श्रृजना गरिनेछ ।

(4) सहकारी मार्फत कृषि फर्म तथा कृषि उद्योग सञ्चालनलाई प्राथमिकता दिईनेछ ।

(5) महिला, दलित विपन्नलाई औद्योगिक क्रियाकलापहरुमा संलग्न गराई आर्थिक विकास हासिल गर्न उद्योग सम्बन्धी तालिम सञ्चालन गरिनेछ र उद्योग विकासको स्थापना तर्फ पहल गरिनेछ ।

(6) नायाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्री वातावरण श्रृजना गरिनेछ र यसका लागि स्थानिय बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

(7) उद्योग मार्फत वेरोजगार युवाहरुलाई आवश्यक सीप र प्रविधि हस्तान्तरण गरी उद्यमशिलताको विकास गरिनेछ ।

(8) सर्शत अनुदानवाट सञ्चालन भइरहेको उद्यम विकास कार्यक्रम मार्फत सीपमूलक तथा आयआर्जनमा सहयोगी कार्यक्रमहरु गरिनेछ ।

(9) नगर भित्र बसोवास गर्ने बेरोजगार युवाहरुको लागि वैदेशिक रोजगार लक्षित निशुल्क तालिमको व्यवस्था मिलाइनेछ र राजगार सेवा केन्द्रलाइ सशक्त वनाइने छ ।

(10) युवाहरुलाई सरकारी सेवा प्रति आर्कषित गराउनका लागि लोकसेवा तयारी कक्षा संचालन गराईनेछ ।

(11) प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत बेरोजगारहरुलाई रोजगारी प्रदान गरिनेछ ।

- शिक्षा :

(1) विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न, पठन पाठनलाई नियमित गर्न र शिक्षक विद्यालय कर्मचारी र वालविकास सहजकर्ताहरुलाई पठनपाठनप्रति जवाफदेहि र जिम्मेवार बनाउन विद्यालयहरुमा निरन्तर र सघन अनुगमन गरिनेछ । विद्यालय अनुगमनको जिम्मा वडा समितिलाई समेत प्रदान गरिने छ ।

(2) शिक्षा र स्वास्थ्य बिच समन्यवय गरि विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँचको प्रबन्ध गरिनेछ ।

(3) विद्यालय स्थापना,कक्षा थप, स्थानान्तण, नामाकरण, वर्गीकरण र विद्यालय गाभ्ने नीतिलाई व्यवस्थित गरिनेछ । साथै विद्यालयमा शिक्षकको सन्तुलित वितरण कायम गर्न दरवन्दी मिलान तथा शिक्षक सरुवा गरिनेछ ।

(4) बालविकास र कक्षा १ मा सतप्रतिशत विद्यालय भर्ना अभियान गरिने नीतिलाइ निरन्तरता दिने लिइएको छ ।

(5) विद्यालयमा बालवालिका ल्याउने, टिकाउने र सिकाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

(6) नगर शिक्षक/स्वयंम सेवक शिक्षकको व्यवस्था गरिनेछ ।

(7) भौतिक पूर्वाधार अन्तरगत भवन निर्माण, सुलभ शौचालय, फर्निचर, मर्मत सम्भार तथा कम्पाउड वाल निर्माण आवश्यकता र औचित्यको आधारमा व्यवस्थापन गरिनेछ ।

(8) शिक्षक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षको लागि कम्तिमा वर्षको दुई पटक तालिम दिने व्यवस्था मिलाउनेछ ।

(9) विद्यार्थीहरुको लागि शिक्षाशाखा अन्तरगत अनुगमन समिति निर्माण गरी नियमित अनुगमन गर्ने नीति लिइने छ ।

(10) विद्यालयहरुको प्र.अ.र कम्प्युटर सम्बन्धी ज्ञान भएको शिक्षक, कर्मचारीहरुको लागि EMIS सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

(11) युवा सकृयताको लागि वडास्तरिय युवा क्लवहरु तथा नगर स्तरिय युवाक्लव संजाल गठन गरिनेछ ।

(12) सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड तथा सर्वाजानिक विद्यालयका विद्यार्थिहरुको लागि निशुल्क पाठ्यपुस्तक उपलव्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

(13) वालविकास,आधारभुत र माध्यमिक तहका उत्कृष्ट विद्यालय,प्रध्यानाध्यापक र शिक्षकहरुलाई नगरपालिकाबाट सम्मानित गरिनेछ ।

- स्वास्थ्य :

(1) भवन निर्माण गर्न बाँकी रहेका आधारभूत स्वाथ्य केन्द्रहरुको भवन निर्माण गर्नका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी भवन निर्माण कार्य अगाडि बढाइनेछ । १५ शैयाको कल्याणपुर अस्पताल निर्माणको लागि संघीय सरकारसँगको सहकार्यमा आगामी वर्ष १५ शैया अस्पताल निर्माणको थालनी गरिनेछ ।

(2) सरकारी स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवाकेन्द्र संचालनको व्यवस्था मिलाईनेछ । कल्याणपुर वर्थिङ्ग सेन्टरमा चिकित्सकको व्यवस्था गरि कल्याणपुर अस्पतालको स्थापना तथा संचालनको व्यवस्था मिलाइनेछ ।

(3) वर्थिङ्ग सेन्टरमा गुणस्तरिय, सुरक्षित र सम्मानजनक प्रसुतिसेवा संचालनका साथै नगर क्षेत्रभित्र सुत्केरीलाई निशुल्क एम्वुलेन्स सेवाको व्यवस्था मिलाईनेछ । साथै घरमा शुन्य सुत्केरीको लक्ष्य हासिल गर्नका लागि सुत्केरीहरुलाई थप प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

(4) नगरपालिकाको स्वास्थ्य शाखालाई चुस्तदुरुस्त राखि स्वास्थ्य संस्थामा औषधी, औजार, उपकरण तथा आवश्यक सामाग्रीहरुको कमि नहुने गरि नियमिति आपुर्तिको व्यवस्था मिलाईनेछ । साथै स्थानिय स्वास्थ्य संस्थाहरुमा पर्याप्त औषधी, औजार,उपकरण तथा आवश्यक सामाग्रीहरुको वारेमा जनप्रतिनिधि तथा चिकित्सकवाट मासिकरुपमा अनुगमन

गरिने छ र आवश्यकता अनुसार पर्याप्त जनशक्ति तथा आर्थिक श्रोतको व्यवस्थापन गरिनेछ ।

(5) नियमित रुपमा गुणस्तरिय खोपसेवा प्रवाह गर्ने कार्यका लागि खोपको सुरक्षित भण्डारण तथा आपुर्तिको व्यवस्था मिलाईनेछ ।

(6) उच्च रक्तचाप तथा मधुमेह जस्ता नसर्ने रोगहरुको निदान तथा उपचारका लागि विशेषज्ञ सेवा संचालन, मानसिक स्वास्थ्य सेवा संचालन तथा बृहत महिला स्वास्थ्य सेवा संचालनको व्यवस्था मिलाईनेछ ।

(7) महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रम मार्फत घर घरसम्म स्वास्थ्य कार्यक्रमहरुको विस्तार गरिनेछ । साथै सो कार्यका लागि महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई उचित प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

(8) स्वास्थ्य संस्थाहरुको अनुगमन प्रभावकारी बनाइनेछ । वडा समितिहरुलाई समेत स्वास्थ्य संस्था अनुगमनको लागि जिम्मेवारी दिइनेछ ।

(9) स्वास्थ्य संस्था, खोपकेन्द्र तथा नगरपालिका गाउघर क्लिनिकहरुको नियमित अनुगमन तथा नियमन गरी नियमति रुपमा गुणस्तरिय सेवा प्रवाहको सुनिश्चितता गरिनुका साथै स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।

- **महिला,वालवालिका,जेष्ठनागरिक,दलित,आदिवासि जनजाती, असक्त अपाङ्ग :**

(1) महिला हिंसा,लैङ्गिक विभेद, बालश्रम, बालबिवाह, अनमेल विवाह जस्ता सामाजिक समस्यालाई न्युनिकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाईनेछ र त्यसका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(2) नगरपालिका स्तरमा महिला सरकारी तथा समुहहरु स्थापना गरि महिलाहरुको आय यार्जन वृद्धि हुने कार्यक्रम संचालन गरिनेछ ।

(3) महिलाहरुको क्षमता अभिवृद्धिका लागि सीपमूलक, चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

(4) बालश्रम, बालशोषण, बालविवाह, बालहिंसा न्युनिकरण गर्न यस सम्बन्धी कानुनलाई प्रभावकारी रुपमा पालन गर्न पहल गरिनेछ ।

(5) बालवालिका, अपाङ्गता भएका व्यक्ति, महिला तथा जेष्ठ नागरिक लगायत अन्य लक्षितवर्ग सम्बन्धी महासन्धीको पालना गर्दै विभिन्न किसिमका राष्ट्रिय र अन्तरराष्ट्रिय दिवसहरु प्रभावकारी रुपमा मनाइनेछ ।

(6) जेष्ठ नागरिक र एकल महिलाहरुको अभिलेख संकलन र परिचय-पत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित बनाउन वडा कार्यालय मार्फत परिचय-पत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

(7) दलित, जनजाती समुदायको परम्परागत सीप लाई आधुनिकिकरण गर्दै उद्योगको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ र संचालन गरिने तालिमहरुमा निजहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।

(8) नगरपालिका भित्र प्रवाह हुने सेवामा अपाङ्ग तथा जेष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिईनेछ ।

(9) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण व्यवस्थापन सूचना प्रणाली ( MIS) मा प्रविष्टी गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- <u>सस्कृति सम्पदा तथा पर्यटन प्रवर्द्धन</u> :

(1) यस नगरपालिका भित्र रहेका विभिन्न जातजातिहरुको धार्मिक मठ मन्दिर, सार्वजानिक तल तलैया र धार्मिक मेला,पर्वको प्रवर्द्धन व्यवस्थापन,मर्मतसम्भार समेतको व्यवस्था गरिनेछ ।

(2) यस नगरपालिका भित्र पर्यटन विकासको लागि सम्भाव्य पर्यटन स्थलको खोज गरी पुर्वाधार विकासमा जोड दिईनेछ ।

- <u>गैर सरकारी संस्था</u> :

(1) यस नगरपालिका भित्र आफ्नो योजना संचालन गराउन चाहने गैर सरकारी संस्थाहरुले नगरपालिकाबाट अनिवार्य अनुमति लिनुपर्ने कडाईका साथ लागू गरिनेछ ।

(2) अनुमतिप्राप्त संस्थाहरुले संचालन गर्ने कार्यक्रम वा योजनामा नगरपालिकाले सहभागितामूलक कार्यक्रम संचालन गरिनेछ ।

(3) कर सचेतना, वातावरणीय सरसफाई तथा विभिन्न किसिमका सचेतनामूलक कार्यक्रम संचालन गर्नकालागि स्थानिय गैर सरकारी संस्थाहरुसँग सहकार्य गरिने छ ।

- <u>खानेपानी तथा सरसफाई</u> :

(1) शुद्ध तथा गुणस्तरिय खानेपानी सुविधालाई मौलिक हकको रुपमा सुनिश्चित गरिनेछ ।

(2) विपन्न परिवारहरुलाई सफा र शुद्ध खानेपानी उपलब्ध गराउने तथा हातेकल वितरण कार्यक्रम संचालन गर्ने नीति लिएको छ ।

(3) डुमरी र चिकनाको खानेपानी निर्माण योजनालाई निरन्तरता दिइनेछ ।

(4) समुदायस्तरमा रहेको व्यक्तिगत खानेपानी सुरक्षित रहे नरहेको सुनिश्चित गराउने कार्य संचालन गरिनेछ ।

(5) हरेक वडामा कम्तिमा १।१ जना सफाइकर्मि राखि नगरपालिकाको हाटबजार,सार्वजनिक स्थल,नदि क्षेत्र र सार्वजनिक नाला, पैनीहरुको सरसफाई कार्यविधि अनुसार सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

(6) नगरपालिकालाइ पूर्ण सरसफाइ उन्मुख वनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

- <u>सहरी योजना तथा पुर्वधार विकास</u> :

(1) नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

(2) नगरपालिकाको रिङ्गरोड निमार्णको लागि सम्बन्धित निकायमा योजना स्वीकृतिको लागि पठाइनेछ ।

(3) सडक विस्तार तथा आवश्यक नयाँ सडक निर्माण कार्य अगाडि बढाईने छ ।

(4) वर्षा लगायत सवारीसाधनहरुको अत्यधिक आवत जावतको कारण खाल्डा खुल्डी भएको सडकहरुलाई मर्मत सम्भार कार्यलाइ निरन्तरता दिइनेछ ।

(5) सशर्त अनुदान र नगर स्तरिय बजेट मार्फत नविकरणीय उर्जा कार्यक्रम अर्न्तगत नगरपालिकाको विभिन्न बजार र वडा कार्यालय नगरपालिकाको मुख्य चोकहरुलाई पहिलो प्राथमिकतामा राखी क्रमबद्ध तरिकाबाट सौर्य उर्जा कार्यक्रम संचालन गरिने छ ।

(6) डुवान मुक्त नगरपालिका बनाउन ढल निकास तथा नदि नियन्त्रण कार्य संचालन गरिनेछ ।

(7) नगरलाई झिलिमिलि तथा उज्यालो बनाउन सोलार वत्ती जडान योजनालाइ प्राथमिकता दिइनेछ ।

(8) सहरी योजना तथा भवन निमार्ण मपदण्ड तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।

(9) पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निमार्ण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- <u>वन, वातावरण तथा विपद व्यवस्थापन तथा भुमि व्यवस्थापन</u> :

(1) जथाभावीरुपमा नदिहरुबाट उत्खनन गरिने बालुवा, माटो र ढुंगा संकलन कार्य नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

(2) बाढीबाट बचाउका लागि नदी नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

(3) विकास योजना तयार गर्दा विपद न्युनिकरण पक्षलाई विषेश ध्यान दिनेछ ।

(4) विपद पुर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय कार्य प्राथमिकताका साथ लागू गरि यस नगरपालिकाको वडा नं.४ र ११ मा आपतकालिन सामाग्रीको भण्डारणको व्यवस्था मिलाइनेछ ।

(5) भुमिहिन,सुकुम्वासी, अव्यवस्थित बसोवासी र नगरपालिक गाउ ब्लकमा बसोवास गर्ने परिवारहरुको लागत संकलन, नाप नक्साङ्कन र अभिलेखाङ्कनको कार्य भूमि आयोगको सहयोगमा जग्गा धनी दर्ता प्रमाणपत्र पुर्जा वितरण गरिने छ ।

(6) नगरपालिका क्षेत्रमा नापी नक्सा, घर/जग्गा धनी पुर्जा र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणाली (HIS) मा आधारित डिजिटल अभिलेख तयारको पहल गरिनेछ ।

(7) नगर क्षेत्रभित्रको सार्वजानिक र सरकारी जग्गाको संरक्षण गरिनेछ ।

(8) विपदमा परेका र आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई औषधी उपचार तथा दाह संस्कार खर्चमा सहयोगको नीति लिइएको छ ।

- <u>कानुन तथा न्याय नीतिहरु</u> :

(1) स्थानिय तह संचालन कार्यविधि अनुसार नगरको शान्ति सुरक्षा र जनसेवाको कामलाई व्यवस्थित गर्न नगर प्रहरी भर्नाको प्रकृया अगाडि बढाईनेछ र नगर प्रहरी सम्बन्धी विनियमावली तोकिए बमोजिमको कार्य नगर प्रहरी मार्फत सम्पादन गराईनेछ र यसको प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ ।

(2) यस पालिकाको न्यायिक प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्‍वसनीय बनाईनेछ ।

(3) सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र संचालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। विवादको समाधान वडास्तरमा गर्न मेलमिलाप शिविर संचालन तथा अन्य सम्बन्धित कार्यहरुलाई व्यवस्थापन गर्नको लागि थप बजेटको व्यवस्था गरिनेछ ।

(4) न्यायिक समितिबाट हुने न्यायिक कामकारवाहीलाई प्रविधिसंग आबद्‍ध गरी अनलाईन प्रकृयामार्फत विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई जोड दिईनेछ ।

(5) न्यायिक समिति र वडाका मेलमिलाप समितिको क्षमता एवं कार्यदक्षता विकासमा जोड दिईनेछ ।

(6) असहाय अनाथ, पीडित तथा एकल महिलालाई न्यायिक पहुँचको समूचित व्यवस्थापन गरिनेछ ।

(7) जोखिममा परेका, सामाजिक तथा पारिवारिक बहिष्करणमा परेका नागरिकहरुलाई न्यायिक पहूँचमा प्राथमिकता दिईनेछ ।

आदरणीय महानुभावहरु ,

अन्त्यमा नीति कार्यक्रम तर्जुमा कार्यमा अहोरात्र खटिनुहुने उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पुर्ण वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, वजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्य ज्यूहरु, राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, विषयगत शाखाका प्रमुख ज्यूहरु, वडा सचिव ज्यूहरु, सम्पुर्ण राष्ट्रसेवक कर्मचारी ज्युहरु, लगायत नीति कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने भद्र भलाद्मी, बुद्धिजिवी तथा सम्पूर्ण कल्याणपुरबासी जनतामा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ॥

प्रस्तोता<br>
रामपुकार साह<br>
प्रमुख<br>
कल्याणपुर नगरपालिका<br>
सिरहा

मिति २०८० असार गते